कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. : २०७७/०७८

फोन: ०१०-५४२०१९

च.नं. :

## सूचना। सूचना॥ सूचना॥।

प्रथम पटक प्रकाशन मिति-२०७७/९/१६

प्रस्तुत विषयमा यस कालिका गाउँपालिका,कृषि विकास शाखा,को चालु आ.ब.०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% अनुदानमा तपशिलमा उल्लेख गरिएका कार्यक्रम रहेकाले इच्छूक कृषक,कृषक समुह/कृषि सहकारी/निजी कृषि उद्यमीहरुले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र)दिन भित्र कार्यालय समयमा आवश्यक कागजात सहित आवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ। साथै म्याद समाप्त भए पश्चात प्राप्त भएका र रित पुर्वक पेश नभएका आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ।

तपशिल

| क्र.स. | कार्यक्रम | इकाइ | परिमाण | संख्या | अनुदानको विवरण |
|---|---|---|---|---|---|
| १ | ५०% अनुदानमा च्याउ घर निर्माण मेसिनरी औजार तथा उत्पादनमा सहयोग कार्यक्रम | पटक | १ | ५ | न्युनतम ५०%लागत साझेदारी |
| २ | ५०% अनुदानमा सम्भाब्यताको आधारमा लागत साझेदारीमा फलफुल नर्सरी विस्तार कार्यक्रम | पटक | १ | २ | न्युनतम ५०%लागत साझेदारी |
| ३ | युवा तथा बैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई ५०% अनुदानमा माग एवं प्रस्तावनामा आधारीत सहयोग कार्यक्रम | पटक | १ | न्युनतम ५०%लागत साझेदारी | |
| ४ | साना सिंचाई कार्यक्रम | पटक | १ | न्युनतम ५०%लागत साझेदारी | |

आवश्यक कागजातहरु

- **कृषक एवं उद्यमी को हकमा-** कार्यक्रम माग सम्बन्धी निवेदन,नागरिकता प्रमाणपत्रको प्रतिलिपी जग्गाधनि प्रमाणपत्रको प्रतिलिपी र सम्बधीत वडा कार्यलयको सिफारिस।
- **कृषक समुह/कृषि सहकारी हकमा-** दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, बैठक निर्णयको प्रतिलिपि र सम्बन्धित वडा कार्यलयको सिफारिस।
- **प्रस्तावनामा आधारीत कार्यक्रमको हकमा-**माथि उल्लेखित कागजातको साथमा आवेदकले व्यवसायिक योजना अर्थात आफुले गर्न चाहेको कार्यक्रमको पुर्ण विवरण सहितको प्रस्ताबना एवं वैदेशिक रोजगार बाट फर्केको एथेष्ठ प्रमाण सहितको विवरण पेश गर्नु पर्नेछ।
- वैदेशिक रोजगारी बाट फर्केको कम्तीमा ३ बर्ष अबधी पुरा नभएको एवं हाल कृषि कर्ममा क्रियाशिल भई व्यवसायिक तालिम प्राप्त गरेको र व्यवसाय संचालन गर्नको लागि फर्म दर्ता गरी प्यान नं. अनिवार्य लिएको हुनुपर्नेछ।
- **साना सिंचाई कार्यक्रम को हकमा-** माथि उल्लेखित कागजातको साथमा साना सिंचाई कार्यक्रम अन्तरगर्त कार्यक्रम माग सहितको सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र पेश गर्नुपर्नेछ।
- **विस्तृत जानाकारीको लागि :** ९८४९११२६६३,९८६१०३३६२९

यादव प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत